## मिति २०७७।०१।२३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गण्डकी प्रदेश सभाको अधिवेशन अन्त्यका लागि सिफारिश गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक सहायता सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने।

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको अनुसन्धान तथा तहकिकात गर्न प्रदेशको कर्मचारी तोक्ने।

४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालीकाको समानुपातिक सहलगानीमा फेवाताल जलाधार संरक्षण कार्यका लागि बजेट उपलब्ध गराउने।

५. सामाजिक विकास मन्त्रालयको अस्पताल तथा आयूर्वेद केन्द्रहरूको नामाकरण संशोधनमा देहाय बमोजिम गर्नेः

   क. प्रस्तावको निर्णय हुनु पर्ने व्यहोरा खण्डको खण्ड (क) मा उल्लिखित धौलागिरी अञ्चल अस्पताल, बाग्लुङ र खण्ड (ख) मा उल्लिखित गण्डकी अञ्चल आयूर्वेद औषधालय, कास्की र धौलागिरी अञ्चल आयूर्वेद औषधालय, बाग्लुङका नाममा रहेको "अञ्चल" भन्ने शब्द हटाउने।

   ख. प्रादेशिक अस्पताल र औषधालय, उपप्रादेशिक अस्पताल र औषधालय तथा स्वास्थ्य केन्द्रको बर्गिकरण समेतका लागि सामाजिक विकास मन्त्रालयले सो सम्वन्धी मापदण्ड बनाई पेश गर्ने।"

६. सामाजिक विकास मन्त्रालयको कोरोना भाइरस संक्रमण (COVID-19) का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ मा देहाय बमोजिम गर्नेः

   क. प्रस्तुत कार्यविधिको दफा ४ को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित "सम्वन्धित स्थानीय तहको प्रमुख-सदस्य" भन्ने शब्दावलीको सट्टा "सम्वन्धित स्थानीय तहको प्रतिनिधि-सदस्य" भन्ने शब्दावली राखी अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने ।